गण्डकी प्रदेश सरकार

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मिति :- २०८०/०५/०८

**परामर्श सेवा खरिदका लागि सुचिकृत हुने सम्बन्धी सुचना**

**प्रकाशित मितिः२०८०।०५।०८**

सार्वजनिक खरिद नियमावली २०६४, को दफा ७२ बमोजिम सार्वजनिक निकायले बीस लाख भन्दा कम रकमको परामर्श सेवा सार्वजनिक खरिद ऐन,२०६३ को ६(क) बमोजिम मौजुदा सुचीमा रहेका परामर्शदाताबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेकाले यस गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश पोखराको बार्षिक स्वीकृत कार्यक्रम बमोजिम तपशिलका कार्यक्रम सञ्चालन गर्नको लागि परामर्श सेवा खरिद गर्नुपर्ने भएकाले सम्बन्धित क्षेत्रको कार्य अनुभव प्राप्त इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले सूचना प्रकाशित भएको मितिले १५दिनभित्र यस कार्यालयमा आवश्यक कागजातहरु सहित सुचिकृतका लागि आवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिलः

क.विद्यालय शिक्षामा सिकाई अन्तर/हानी र हस्तक्षेपका क्षेत्रहरु पहिचान ।

ख.गण्डकी प्रदेशमा फोहोरमैला व्यवस्थापन सम्बन्धी एक अध्ययन ।

ग.गण्डकी प्रदेशको आर्थिक/सामाजिक सुचङ्काक सहितको नक्सा पुस्तक ।

घ.विकास आयोजना/कार्यक्रमहरुको प्रभाव अध्ययन तथा प्रतिवेदन ।

ङ.दोश्रो आवधिक योजना तर्जुमा ।

च.गण्डकी प्रदेशको वहुप्रकोप पहिचान तथा विश्लेषण ।

छ.गण्डकी प्रदेशमा जलश्रोतको वर्तमान अवस्था र भावी रणानीति ।

ज.गण्डकी प्रदेशमा डाटा व्यवस्थापन डिजिटाइजेशन तथा व्यवस्थापन गर्ने ।

झ.गण्डकी प्रदेशमा KNOWLEDGE CONFERENCE गर्ने ।



गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

आवश्यक कागजातहरु

१.व्यक्ति/संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र ।

२.आ.व.२०७९/८० को करचुक्ता प्रमाणपत्र ।

३.प्यान/भ्याटमा दर्ता भएको प्रमाणपत्र ।

४.आवश्यक जनशक्ति र सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभव ।

५.अन्य आवश्यक कागजातहरु।

.............................

डिल्लीराम सिग्देल

उपसचिव